त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट, बगर, डोल्पा

www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail.com

कर्णाली प्रदेश, नेपाल

प:सः २०८१।०८२
च:नः सूचना

मितिः२०८१।०४।२०
ने.स.११४४ दिल्लागा ३० आइतबार

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१।०४।२०**

यस त्रिपुरासुन्दरी नगरपालिकामा तपशिल अनुसार रिक्त रहेको उद्यम विकास सहजकर्ता पदमा खुल्ला प्रतियोगिता मार्फत सेवा करारमा कर्मचारी पदपुर्ति गर्न मिति २०८१।०४।०२ मा प्रथम पटक प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१९ मा लिईएको लिखित परीक्षामा दरखास्त पेश गरेका कुनैपनि उम्मेद्वार उत्तीर्ण नभएको हुँदा उक्त पदका लागी योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पुनः कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सवैको लागि सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| बिज्ञापन नं. | पद | खुल्ला | कैफियत |
|---|---|---|---|
| ०२/२०८१-०८२ | उद्यम विकास सहजकर्ता (चौथो) | १ (एक) | |

१.दरखास्त दिने स्थानः त्रिपुरासुन्दरी नगरपालिका

२. दरखास्त बुझाउने मितिः २०८१।०४।२६ गते कार्यालय समय अवधि भित्र ।

३. राजश्व दस्तुरः रु ५०० (पाँच सय)

४.न्युनतम शैक्षिक योग्यताः प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा उतिर्ण गरेको ।

५. दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातः नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र अनुभव पत्रको प्रतिलिपि साथै दरखास्त फारम सँग पेश गर्ने प्रमाणपत्रको प्रतिलिपिको पछाडी पट्टी सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेद्वार स्वयंले दस्तखत गरेको हुनुपर्नेछ

६ उमेरः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिला र अपाङ्गको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ

७ तलव स्केलः नगरपालिकाले तोके बमोजिम ।

८ सम्पर्क मिति र समयः २०८१।०४।२६ गते शनिवार

९ परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता

१० रित नपुगी आएका दरखास्तहरु स्वीकृत गरिने छैन ।

..........................
हिराचन्द्र धराला
हिराचन्द्र धराला
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner